# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर, नेपाल ।

आ. व.: ।२०७९/०८०

मितिः २०८०।०२।११

श्री क्याम्पस प्रमुखज्यू,
**BE (Civil/ Computer/ E&C / ECA/ Electrical/Geomatic/Biomedical), B. Architecture** अध्यापन हुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः- प्रथम सेमेष्टर आंशिक परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा इञ्जिनियरिङ्ग संकाय अन्तर्गत सन् २०२३ मा सञ्चालन गरिने **BE (Civil/ Computer/ ECA /E&C/ Electrical/Geomatic/Biomedical), B. Architecture** शैक्षिक कार्यक्रमहरूको **प्रथम** सेमेष्टर आंशिक रूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूको परीक्षा आगामी **जेष्ठ महिनाको अन्तिम सातादेखि** सञ्चालन हुने भएकोले त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति २०८०।०२।१६ गतेसम्म परीक्षा आवेदन फाराम भराई मिति २०८०।०२।२१ गतेसम्म बैंक भौचर जम्मा गरी मिति २०८०।०२।२३ गतेभित्र नियमानुसारको परीक्षा शुल्क वापतको रकम नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल वमोजिमको विलम्ब शुल्क लिई तोकिए वमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ...... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल वमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपशिलः**

१) परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।
२) परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।
३) परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फाटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४) परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७) आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
८) परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | परीक्षा शुल्क (२०२० समूहदेखिका आंशिक परीक्षार्थीहरूलाई) | रू.१,५००।- प्रति विद्यार्थी |
| २. | परीक्षा शुल्क (आंशिक)ः २०१८ समूहसम्म | |
| | आंशिक १ विषय | रू.५००।- प्रति विद्यार्थी |
| | आंशिक २ विषय | रू.८००।- प्रति विद्यार्थी |
| | आंशिक २ भन्दा बढी विषय | रू.१,१००।- प्रति विद्यार्थी |
| ३. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र) | रू.१,०००।- प्रति विद्यार्थी |

सह-परीक्षा नियन्त्रक

**नोटः** सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।